# नेपाल राजपत्र


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, साउन २६ गते, २०८२ साल (संख्या २४


## भाग ३

### नेपाल सरकार

### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर १६**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (पाँचौ संशोधन) नियमावली, २०८२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,


मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (पाँचौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ को नियम ३क. मा संशोधनः** प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३क. को उपनियम (१) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय-सदस्य"

(२) खण्ड (ग) मा रहेको "शिक्षा" भन्ने शब्दको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल नियमावलीको नियम ३ख. मा संशोधनः** मूल नियमावलीको नियम ३ख. को उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) इन्जिनियरिङ, कृषि, चिकित्सा शिक्षा, वन, शिक्षा प्रशासन वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको,"

४. **मूल नियमावलीको नियम ४ मा संशोधन** : मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४. **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>** : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को नीति निर्धारण गर्ने सम्बन्धमा सभा र परिषद्लाई सहयोग गर्ने,

(ख) परिषद्को वार्षिक कार्यक्रम तथा बजेट तयार गर्न लगाई स्वीकृतिको लागि सभा समक्ष पेस गर्ने,

(ग) परिषद्को वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गराउने तथा सोको प्रगति सभा समक्ष पेस गर्ने,

(घ) सभामा पेस गर्नु पर्ने प्रस्ताव तयार गर्ने, गराउने,

(ङ) सभाबाट भएका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सञ्चालन तथा विकासको लागि शिक्षण, प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने, गराउने,

(छ) परिषद्को अल्पकालीन तथा दीर्घकालीन योजना र कार्यक्रम कार्यान्वयनको लागि समन्वय गर्ने, गराउने,

(ज) सभा वा परिषद्बाट निर्देशन भए बमोजिमका अन्य काम गर्ने।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को,-

(१) खण्ड (घ) र (च) झिकिएका छन्।

(२) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ :-

"(ट) सभा वा परिषद्बाट निर्देशन भए बमोजिमका अन्य काम गर्ने।"

६. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (३) मा रहेको "अध्यक्षको" भन्ने शब्दको सट्टा "उपाध्यक्षको" भन्ने शब्द राखी सोही उपनियमको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर पर्व तथा भैपरी आउने बिदा र सात दिनसम्मको घर बिदा बस्नु परेमा उपाध्यक्षलाई मौखिक जानकारी गराई बस्न सक्नेछ।"

(२) उपनियम (३ग) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

७. **मूल नियमावलीको नियम ८ मा संशोधन** : मूल नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सह-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य"

८. **मूल नियमावलीको नियम १३ मा संशोधन** : मूल नियमावलीको नियम १३ को उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य"

९. **खारेजी** : मूल नियमावलीको नियम ३१ खारेज गरिएको छ।

**आज्ञाले,**

**चूडामणि पौडेल**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।